आज मिति २०७८/०९/२३ गतेका दिन दिउँसो १:०० बजे धनगढी उप-महानगरपालिकाका नगर प्रमुख श्री नृप वहादुर वडज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक देहायको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो ।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १) | श्री नृप वहादुर वड | नगर प्रमुख | |
| २) | श्री सुशीला मिश्र भट्ट | नगर उप- प्रमुख | |
| ३) | श्री सन्तोष मुडभरी | कार्यपालिका सदस्य | |
| ४) | श्री नर वहादुर बम | कार्यपालिका सदस्य | |
| ५) | श्री वल वहादुर ऐर | कार्यपालिका सदस्य | |
| ६) | श्री दिपक कुमार थापाक्षेत्री | कार्यपालिका सदस्य | |
| ७) | श्री हिरा सिंह पातली | कार्यपालिका सदस्य | |
| ८) | श्री भागीराम चौधरी | कार्यपालिका सदस्य | |
| ९) | श्री सिताराम राना | कार्यपालिका सदस्य | |
| १०) | श्री नारायण प्रसाद वराल | कार्यपालिका सदस्य | |
| ११) | श्री प्रेम भण्डारी | कार्यपालिका सदस्य | |
| १२) | श्री राजेन्द्र राना | कार्यपालिका सदस्य | |
| १३) | श्री गंगा राम राना | कार्यपालिका सदस्य | |
| १४) | श्री गणेश प्रसाद जोशी | कार्यपालिका सदस्य | |
| १५) | श्री विजय राज जोशी | कार्यपालिका सदस्य | |
| १६) | श्री राम बजारी चौधरी | कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १७) | श्री फुल राम चौधरी | कार्यपालिका सदस्य | |
| १८) | श्री लक्ष्मी नारायण चौधरी | कार्यपालिका सदस्य | |
| १९) | श्री माधव राना | कार्यपालिका सदस्य | |
| २०) | श्री मुरारी अधिकारी | कार्यपालिका सदस्य | |
| २१) | श्री तिलु राम चौधरी | कार्यपालिका सदस्य | |
| २२) | श्री सिता राना | कार्यपालिका सदस्य | |
| २३) | श्री वसन्त कुमार ठाकुर | कार्यपालिका सदस्य | |
| २४) | श्री कल्याणी सिंह | कार्यपालिका सदस्य | |
| २५) | श्री गीता पन्त | कार्यपालिका सदस्य | |
| २६) | श्री यशोदा भण्डारी | कार्यपालिका सदस्य | |
| २७) | श्री प्रेम वहादुर वि.क. | कार्यपालिका सदस्य | |
| २८) | श्री रिष्मी देवी चौधरी | कार्यपालिका सदस्य | |
| २९) | श्री प्रेम सिह विश्वकर्मा | कार्यपालिका सदस्य | |
| ३०) | श्री रामलाल श्रेष्ठ | प्रमुख प्रशासकीय अधिकृत | |
| ३१) | श्री दिजराज भट्ट | आमन्त्रित | |
| ३२) | श्री नारायण प्रशाद शर्मा | आमन्त्रित | |
| ३३) | | | |
| ३४) | | | |

**निर्णय नं. १.** नेपाल सरकार, राष्ट्रिय योजना आयोग सिंहदरवार, काठमान्डौको मिति २०७८/०८/२४ मा प्रकाशित सूचना अनुसार आगामी आ. व. २०७९/०८० मा संचालन हुने संघीय समपुरक र विशेष अनुदान अन्तर्गत देहाय बमोजिमका आयोजनाहरु छनौट गरि पठाउने र समपूरक अनुदान तर्फका स्वीकृत आयोजनाहरुको लागि लागत सहभागिताको लागि ५० प्रतिशत यस उप-महानगरपालिकाले आफ्नो स्रोतबाट ब्यहोर्ने प्रतिवद्धता समेत गरियो।

(क) **समपुरक अनुदान तर्फः**

- जाखौर ताल पर्यटकीय पूर्वाधार निर्माण। ( वडा न. ०७ )
- नाष्ट कलेज रोड, कैलाली खोलामा मझौला पुल निर्माण ( वडा न. ०४ र ०५ )
- कैलाली गाउँ रोड कैलाली खोलामा मझौला पुल निर्माण ( वडा न. १३ )

(ख) **विशेष अनुदान तर्फः**

- धनगढी उप- महानगरपालिका द्वारा संचालित धनगढी पोलिटेक्निक इन्स्टिच्युटको भवन निर्माण ( वडा न. ०६ )
- सरस्वती माध्यामिक विद्यालयको भवन निर्माण ( वडा न. ०७ )

**निर्णय नं. २.** प्रदेश सरकार, आर्थिक मामिला मन्त्रालय, धनगढी कैलालीको मिति २०७८/०९/०८ मा प्रकाशित सूचना अनुसार आगामी आ. व. २०७९/०८० मा संचालन हुने प्रदेश समपुरक अनुदानका आयोजनाहरुको प्रस्तावमा देहाय बमोजिमका आयोजनाहरु छनौट गरि पठाउने र उक्त आयोजनाहरुको स्वीकृत लागत अनुमान रकममा ५० प्रतिशत लागत सहभागिता यस उप- नगरपालिकाको स्रोतबाट व्यहोर्ने समेत निर्णय गरियो ।

(क) **समपुरक अनुदान तर्फः**

- शिवगंगा आधारभूत विद्यालय भवन निर्माण ( वडा न. १५ )
- शिव पार्वती आधारभूत विद्यालय भवन निर्माण ( वडा न. ०३ )
- फुलवारी आधारभूत विद्यालय भवन निर्माण ( वडा न. १९ )
- दक्षिणकाली बहिरा स्कुल छात्रवास भवन निर्माण ( वडा न. ११ )
- राष्ट्रिय आधारभूत विद्यालय देखि शिवपुरीधाम जोड्ने सडक कैलाली खोलामा मझौला पुल निर्माण ( वडा न. ०४ र ०५ )
- पौष्टिक आहार पछाडी सुकुटी नालामा मझौला पुल निर्माण ( वडा न. १ र ०४ )

**निर्णय नं. ३**

श्री संघीय मामिला तथा सामान्ध प्रशासन मन्त्रालयको मिति २०७८/०८/१९ र मिति २०७८/०९/०६ गतेको निर्णयानुसार यस कार्यालयमा कामकाज गर्न खटीआउनु भएका सबै कर्मचारीहरुलाई हाजिर गराई आवश्यक व्यवस्थापन मिलाउने निर्णय गरियो।

**निर्णय नं. ४.**

यस उप-महानगरपालिकाको आगामी आ.व. ०७९/०८० को आयव्ययको प्रक्षेपणलाई स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

निर्माण व्यवसायी इजाजत पत्र व्यवस्थापन समितिको मिति ०७८/०९/१९ र ०७८/०९/२३ गतेको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

धनगढी उपमहानगरपालिका वडा नं. ३ मा रहेको त्रिभुवन मा.वि. सामुदायिक विद्यालयको जग्गामा विद्यालय भवन निर्माण गर्न नक्सा पास गर्दा लाग्ने दस्तुर आर्थिक ऐन, २०७७ को दफा १७ को उप दफा (१) बमोजिम छुट दिने निर्णय गरियो ।

**निर्णय नं. ७**

धनगढी उपमहानगरपालिका वडा नं. ११ मा रहेको वेला आ.वि. व्यवस्थापन समिति र नेपाल चार्टड एकाउन्टेस् संस्था विच भएको सम्झौता अनुसारको प्रदेश कार्यालय तथा सि.ए. इन्स्टिच्युट स्थापनाका लागि सो जमिन उपलब्ध गराउन सहमती प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं. ८**

आ.व. ०७८/०७९ को बार्षिक स्वीकृत कार्यक्रमको बुदा नं. १११ मा हिंशा प्रभावितका लागि अल्पकालिन आश्रय सहितको सेवा केन्द्र सन्चालनका लागि रु. ८०००००।– (अक्षरेपी आठ लाख ) बजेट विनियोजन भएकोमा धनगढी उप-महानगरपालिका कार्यालयले आफै घर भाडामा लिई आवश्यक अन्य व्यवस्था गरि आफै सन्चालन गर्ने र २०७८/०९/०४ को कार्यालयको निर्णय अनुसार रु. ८००,०००।–(अक्षरेपी आठ लाख) विभिन्न शिर्षकमा विभाजन गर्ने निर्णय भएकोले सोलाई अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. ९**

धनगढी उप-महानगरपालिकाको नगर शिक्षा ऐन,२०७४ को दोस्रो संशोधन मस्यौदालाई दफावार छलफलका लागि विधायन समितिमा पठाउने निर्णय गरियो।

**निर्णय नं. १०**

यस धनगढी उपमहानगरपालिका आर्थिक प्रशासन शाखामा रहेका कर्मचारीहरुको कार्य विभाजन गरि कामलाई छिटो छरीतो पारदर्शी बनाउने जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृतलाई दिने निर्णय गरियो।

**निर्णय नं. ११**

धनगढी उपमहानगरपालिका वडा नं. १ मा रहेको दिपेन्द्र स्वार स्मृती सामुदायिक सिकाई केन्द्र दर्ता प्रक्रियामा लैजाने निर्णय गरियो।

**निर्णय नं. १२**

वडा कार्यालयहरुबाट सिफारिस भई आएका आयोजनालाई छिटो कार्यान्वयन गर्न आयोजना संशोधन गर्ने अधिकार नगर प्रमुखलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो।

**निर्णय नं. १३**

बेहडाबाबा मन्दिर परिषरको गुरु योजना (DPR) र धनगढी -१६ भादा होम स्टे पर्वर्द्धन कार्यका लागि DPR तयार गर्न रु. १०,००,०००।– (अक्षरेपी दस लाख) परामर्श सेवा शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो।

**निर्णय नं. १४**

निजामती सेवा ऐन, २०४९ को दफा २४ 'क' मा उल्लिखित ब्यवस्था बमोजिम यस उपमहानगरपालिकामा कार्यरत स्थायी कर्मचारीहरुको का.स.मु. का लागि गठित समितिको विभिन्न मितिमा बसेको बैठक, करार कर्मचारी पदपूर्ति समितीको विभिन्न मितिमा बसेको वैठक (सूचना प्रविधी अधिकृत/ मामला ब्यवस्थापक/मामला संयोजक/मनो सामाजिक कार्यकर्ता पद) भत्ता वापत भुक्तानी हुन बाँकी रकम रु. १,८५,०००।– (एकलाख पचासी हजार) अन्य भत्ता शिर्षकबाट भूक्तानी दिने निर्णय गरियो।

**निर्णय नं. १५**

देहाय अनुसारका संघसस्था, ब्यक्तिहरुलाई सहयोग स्वरुप देहाय अनुसारको रकम अन्य, संघ सस्था सहायता शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो।

**देहाय :-**

| क्र.स. | संघसस्था/ब्यक्तिको नाम | ठेगाना | रकम | कैफियत |
|---|---|---|---|---|
| १. | तारा लुहार | धनगढी-१ | १०,०००।- | उपचार खर्च |
| २. | सुर्यमाया श्रेष्ठ (स्वयसेविका) | धनगढी-१ | २५,०००।- | उपचार खर्च |
| ३. | ऐश्वर्य बहुमुखी क्याम्पस | | ५००,०००।- | फर्निचर खरीद |